# म्याग्दी जिल्लामा कार्यरत सरकारी कार्यालयहरु र गैर सरकारी संस्थाहरुको
# आ.व. २०७०।७१ को

## वार्षिक समीक्षा गोष्ठी
**२९ - ३० श्रावण ,२०७१**

# प्रतिवेदन

आयोजक :

**जिल्ला विकास समिति**

**म्याग्दी**

प्रतिवेदन तयारी : श्री सन्तोष राज पन्थी, जिल्ला शासन विज्ञ

**यस भित्र :**

१. पृष्ठभुमी

२. बार्षिक समिक्षा कार्यक्रमको उद्देश्य

३. बार्षिक समिक्षा कार्यक्रम संचालनको बिधि

४. बार्षिक समिक्षा कार्यक्रममा प्रतिबेदन प्रस्तुत गर्ने गैर सरकारी संस्थाहरुको बिबरण

५. गैससहरुको आ.व २०७०।७१ को कार्य सम्पादन तथा प्रगति सम्बन्धमा उठेका जिज्ञासा तथा सवालहरु

६. बार्षिक समिक्षा कार्यक्रममा प्रतिबेदन प्रस्तुत गर्ने सरकारी कार्यालयहरुको बिबरण

७. सरकारी कार्यालयहरुको आ.व २०७०।७१ को कार्य सम्पादन तथा प्रगति सम्बन्धमा उठेका जिज्ञासा तथा सवालहरु

८. बर्षिक समिक्षा कार्यक्रमका प्रमुख सिकाईहरु

९. निष्कर्स

**अनुसूचीहरु :**

१. सरोकारवाला सहभागीहरुको उपस्थिती बिबरण

२. बार्षिक समिक्षा कार्यक्रमका निर्णयहरु

**पृष्ठभूमि :**
स्थानीय स्वायत्त शासन ऐन २०५५ को दफा २११ अनुसार वार्षिक रुपमा सरकारी, गैर सरकारी तथा अन्य निकायहरुबाट संचालन भएका विभिन्न विकास कार्यक्रम तथा आयोजनाहरुको प्रतिफल तथा नतिजा कुन हद सम्म प्राप्त भयो , विकास आयोजनाहरुले निर्दिष्ठ गरेका उद्देश्य तथा लक्ष्यहरु हासिल गर्न सके सकेनन् भनेर सवै सरोकारवाला निकायहरुको सहभागितामा वार्षिक रुपमा समीक्षा गर्नु पर्ने प्रावधान रहेको छ । स्थानीय निकाय खास गरी जिल्ला विकास समितिको संयोजनमा जिल्ला भित्र संचालन हुने कार्यक्रम तथा आयोजनाहरुलाई समन्वयात्मक र प्रभावकारी रुपमा संचालन गरी विकासलाई दिगो र संस्थागत रुपमा अगाडि बढाउन योगदान पुगोस् भन्ने हेतुले वार्षिक समीक्षा कार्यक्रमलाई संस्थागत रुपमा अगाडि बढाइएको छ ।

जिल्ला विकास समिति ,म्याग्दीले आ.व. २०७०।७१ मा सरकारी तथा गैर सरकारी निकायहरुबाट जिल्लामा संचालन भएका विभिन्न किसिमका विकास कार्यक्रम तथा आयोजनाहरु निर्धारित लक्ष्य तथा उद्देश्यका साथ संचालन हुन सके सकेनन , कार्यक्रम तथा आयोजनाहरुको कार्यान्वियनबाट प्राप्त उपलब्धी तथा नतिजा कुन हद सम्म हासिल हुन सके सकेनन , बिकास कार्यक्रममा नागरीहरुको सहभागिता तथा सन्तुष्टी र समस्या के कस्ता देखिए तथा भावि दिनको लागि के कस्ता सिकाई प्राप्त भए भनेर विस्तृत रुपमा समीक्षा गर्नको लागि २०७१ श्रावण २९-३० गतेका दिने वार्षिक समीक्षा गोष्ठीको आयोजना गर्‍यो ।

**१ पहिलो दिनको कार्यक्रम मिति २०७१ श्रावण २९ गते :**

**१.१ वार्षिक समीक्षा कार्यक्रममा सभापतित्व तथा आसन ग्रहणको कार्यक्रम :**
प्रथम दिनको समीक्षा गोष्ठी स्थानीय विकास अधिकारी श्री बिष्णु प्रसाद शर्मा ज्यूको अध्यक्षतामा सम्पन्न भयो । कार्यक्रममा प्रमुख अतिथिको रुपमा माननिय सभाषद श्री नवराज शर्मा ज्यू र बिशिष्ठ अतिथीहरुको रुपमा माननिय सभाषद श्री नरदेवी पुन ज्यू बिशिष्ठ अतिथी जिल्ला न्यायधिस श्री गायत्रीप्रसाद रेग्मीज्यू र बिशेष अतिथी प्रमुख जिल्ला अधिकारी श्री टेक ब के.सी. ज्यूको सहभागिता थियो । कार्यक्रममा जिल्लामा सक्रिय सवै राजनैतिक दलका प्रमुख तथा प्रतिनिधि ज्यूहरुको सहभागिता थियो । त्यस्तै जिल्लामा कार्यरत सरकारी कार्यालयका प्रमुख, गैर सरकारी संस्थाका प्रमुख, पत्रकार लगायत सरोकारवालाहरुको सहभागिता रहेको थियो ।

**१.२ स्वागत तथा कार्यक्रमको उद्देश्य :**
कार्यक्रमको उद्देश्य माथी प्रकास पार्दै एवं समीक्षा गोष्ठीमा पाल्नु भएका महानुभावहरुलाई स्वागत गर्दै प्रमुख जिल्ला ईन्जिनियर श्री ओम बहादुर के.सीले जिल्लाको विकासलाई प्रभावकारी रुपमा अगाडि बढाउनको लागि आयोजित् यो कार्यक्रमले देहाय बमोजिमका उद्देश्यहरु राखेको बताउनु भयो ।

- आर्थिक वर्ष २०७०।७१ मा जिल्लामा स्थानीय निकाय विषयगत कार्यालयहरु गैसस र अन्य निकायहरुबाट कार्यान्वयन भएका विभिन्न कार्यक्रमहरुको फलस्वरुप हासिल भएका उपलब्धि, सिकाई तथा समस्याहरुमा छलफल गर्ने ।
- आगामी आर्थिक वर्षमा संचालन गरिने कार्यक्रमहरुको बीचमा परिपुरकता र सह सम्बन्ध स्थापना गर्न सहयोग हुने
- जिल्लाको समग्र विकासको लागि आगामी दिनमा अवलम्बन गर्नु पर्ने नीति तथा कार्य पद्धतिको सम्बन्धमा राय सुझाव हासिल गर्न सहयोग हुने ।

**१.३ बार्षिक समिक्षा कार्यक्रमको बिधि :**

कार्यक्रमलाई प्रभावकारी र लक्ष्य उन्मुख बनाउन निम्न नियमहरुको पालना गर्न सहभागी सरोकारवालाहरुलाई अनुरोध गरीएको थियो ।
- प्रत्येक कार्यालयको प्रस्तुतीकरणलाई दश मिनेटको समयमा समायोजन गर्ने, प्रस्तुती पृष्ठभुमी आदीमा समय खर्च नगरी बजेट, खर्च, उपलब्धी, समस्या र प्रमुख सिकाईहरुमा प्रस्तुतीलाई केन्द्रीत गर्ने ।

- पाँचवटा कार्यालयहरुको प्रस्तुती पछी प्रस्तुतीको बिषय र कार्यालयको बार्षिक कार्य सम्पादन र सेवा प्रवाहका सम्वन्धमा रही संक्षीप्त सवालहरु राख्ने र सम्वन्धीत प्रमुख वा वा प्रतिनिधीले सोको सटीक जवाफ दिने ।
- छलफल र सवाल जवाफ कार्यक्रमको उद्देश्य अनुरुप गर्ने ।
- कार्यक्रमको मर्यादा बिपरित अशिष्ट भाषाको प्रयोग नगर्ने र ब्यक्तीगत आरोप प्रत्यारोप नगर्ने ।

## १.४) आव २०७०।७१ मा संचालन भएका कार्यक्रम तथा आयोजनाहरुको पहिलो दिनको कार्यक्रममा प्रगति विवरण प्रस्तुत गर्ने सरकारी तथा गैससहरु

जिल्ला विकास समितिको कार्यालयबाट आयोजित् वार्षिक समीक्षा गोष्ठीमा जिल्ला स्थित् कार्यालयहरुले आ आफ्नो कार्यालयहरुको प्रस्तुती देहाय बमाजिमले गरेको थिए ।

**गैर सरकारी संस्थाहरु :**

- गाजा यूवा क्लव बाग्लुगं
- नेपाल बाल संगठन
- हिमवन्ती नेपाल
- गैसस महासंघ र कदम म्याग्दीको संयुक्त प्रस्तुती
- संगम म्याग्दी
- जिल्ला लघु उधमी संघ म्याग्दी
- सहमती म्याग्दी
- असल छिमेकी ( Good Neighbour Nepal)
- लिवर्ड म्याग्दी
- सुआहारा म्याग्दी
- सोडेक म्याग्दी
- समुदाय सहयोग समुह ( Community Support Group )
- म्याग्दी उ.वा. संघ
- मिलन म्याग्दी
- वन उपभोक्ता महासंघ म्याग्दी
- डि.सी.आर.डि.सी म्याग्दी
- हिमालय संरक्षण संस्था ( प्रस्तुती दोश्रो दिन भएको )
- अपागं संघ ( प्रस्तुती दोश्रो दिन भएको )

- सरकारी कार्यालय तर्फ
- **जनसंख्या तथा सामाजिक विकास समिति अन्तर्गत :**
- जिल्ला स्वास्थ्य कार्यालय र
- **आर्थीक बिकास समिति अन्तर्गत :**
- जिल्ला कृ.बि.कार्यालय
- जिल्ला पशु सेवा कार्यालय

## १.५ गैससहरुको कार्य सम्पादन तथा प्रगति सम्बन्धमा उठेका जिज्ञासा तथा सवालहरुः

| **कार्यालयहरु** | **उठेका जिज्ञासा तथा सवालहरु** | **सम्बन्धित् कार्यालय प्रमुख तथा प्रतिनिधिबाट जिज्ञासा तथा सवाल उपर प्रस्तुत धारणा** |
|---|---|---|
| लिवर्ड र एलाईन्स नेपाल म्याग्दी | ➢ साझेदारी र समन्वय प्रभावकारी नभएको ।<br>➢ बेगखोला गाबिसमा २ महिना अघी २ वटा बनउपभोक्ता समूहलाई खाली कागतमा सहि गराएको तर रकम उपलब्ध नगराईएको । | ➢ बेगका बनको बजेट अन्य समुहलाई दिएको भन्दै उनिहरुलाई छिटै पैसा दिने स्पष्टीकरण । |
| जिल्ला सुहाहारा कार्यक्रम | ➢ गाँउ बिकास समिति संग पटक्कै साझेदारी नभएको ।<br>➢ कुखुरा बितरणमा प्रभावकारीता नभएको, मिलन म्याग्दीको संयोजनमा बाँडीएका | ➢ बहुसरोकारवालाहरु संगको समन्वयमा कार्य गर्नु परेकोले प्रभावकारी समन्वयमा कही कतै कमीकमजोरी हुन सक्ने स्विकारोक्ती तर आगामी दिनमा |

| | | |
|---|---|---|
| | कुखुराहरुको ठूलो प्रतिशत कार्यक्रमको ब्यावस्थापकीय कमजोरीले गर्दा मरेको । | सरोकारवालाहरु संगको समन्वयमा बिशेष ध्यान पुर्याईने । |
| सहमती | ➢ बेनी बजारमा हाट बजार बनाउन ५० हजार अनुदान दिएको सम्वन्धमा कृषी बिकास कार्यालय संग गत बर्ष कुनै सम्झौता नभएको तर कार्यालय संग सहकार्य वा सम्झौता भएको भनिएको बिबरण प्रस्तुत । | ➢ अघिल्लो वर्ष अनुदान दिएको तर यस वर्षको प्रगती विवरणमा परेको भन्दै स्पष्टीकरण |
| मिलन म्याग्दी | ➢ एक हजार दिनका आमाहरुलाई वितरण गरिएको कुखुराका चल्ला वितरणको समय अनुकुल नहुँदा मरेको<br>➢ एकजनाको पारिश्रमीकलाई तिनजनामा बितरण गरी श्रम नियमलाई धज्जी उडाएको । | ➢ समय अनुकुल नहुँदा मरेको आफैले स्वीकार गर्नुभएको |
| सोडेक | ➢ जिल्ला स्थित सरोकारवालाहरु संग समन्वय नभएको<br>➢ ठूलो रकम संस्थाबाट खर्च हुने भए पनि बेनीमा कार्यालय सम्म नरहेको । | ➢ कुस्मा कार्यालयले बेनीको कार्यक्रम हेरेको र सरोकारवालाहरु संग समन्वयलाई जोड दिईने कुरा ब्यक्त । |
| धौलागिरी सामुदायिक श्रोत बिकास केन्द्र | ➢ धौलागिरि सामुदायीक स्रोत विकास केन्द्र बागलुङले लुलाङमा सञ्चालन गरेको खानेपानी योजना टिकाउ नभएको | ➢ |
| सामुदायिक बन उपभोक्ता महासंघ | ➢ कार्यक्रम हेर्ने प्रमुख ब्यक्तीको अनुपस्थिती ।<br>➢ बिभिन्न जातका बिरुवा बितरण कार्यमा पारदर्शिताको अभाव ।<br>➢ कमजोर प्रस्तुती | ➢ |

**१.६ वार्षिक समीक्षा गोष्ठीको पहिलो दिनको समापन :**
म्याग्दी जिल्लामा कार्यरत सरकारी तथा गैर सरकारी निकायहरुबाट आ.व. २०७०।७१ मा संचालित कार्यक्रम तथा आयोजनाहरुको प्रस्तुती सम्पन्न भए पछि तत् तत् कार्यालय र संघ संस्थाले सम्पादन गरेका कार्यहरुका सम्वन्धमा जिज्ञाशाहरु राख्ने र सम्वन्धित ब्यक्तीहरुबाट जवाफ खोजिएको थियो । कार्य सम्पादनमा सुधार गर्नु पर्ने कार्यालयहरुको हकमा सम्वन्धित कार्यालयबाट सुधारको प्रतिबद्धता ब्यक्त गरीएको थियो । पहिलो दिनको कार्यक्रमको समापन गर्दै सभाध्यक्ष एवं स्थानीय बिकास अधिकारी श्री बिष्णु प्रसाद शर्माले केही गैसस एवं कार्यालयहरुको कार्य सम्पादनमा गम्भिर प्रश्न उठेकोले समिक्षा कार्यक्रममा सरोकारवालाहरुले उठाएका सवालहरुमा गम्भिर भई आउदा दिनमा अझ बढी उत्तरदायी र पारदर्शी भई कार्य सम्पादन गर्न निर्देशन दिदै पहिलो दिनको कार्यक्रमको समापन गर्नु भएको थियो ।

**२ दोस्रो दिनको कार्यक्रम मिति २०७१ श्रावण ३० गते :**

पहिलो दिनको अध्यक्षता आशन ग्रहण, प्रमुख अतिथी, बिशिष्ठ अतिथीहरुको आसन ग्रहण र अन्य औपचारीक गतिबिधीको निरन्तरताको जानकारी दिंदै दोश्रो दिनको समिक्षा कार्यक्रमको सुरुवात गरीएको थियो ।

**२.१ आव २०७०।७१ मा संचाालन भएका कार्यक्रम तथा आयोजनाहरुको दोश्रो दिनको कार्यक्रममा प्रगति विवरण प्रस्तुत गर्ने सरकारी तथा गैससहरु :**
**सरकारी कार्यालयहरु :**
**आर्थीक बिकास समिति अन्तर्गतका कार्यालयहरु :**

- जिल्ला कृषी बिकास कार्यालय ( पहिलो दिनमै प्रस्तुती भई सकेको )
- जिल्ला पशु सेवा कार्यालय ( पहिलो दिनमै प्रस्तुती भई सकेको )
- डिभिजन सहकारी कार्यालय बाग्लुगं ( अनुपस्थित )
- कृषी बिकास बैंक शाखा कार्यालय म्याग्दी ।
- घरेलु तथा साना उद्योग बिकास समिति म्याग्दी ।
- म्याग्दी उद्योग बाणीज्य संघ ( पहिलो दिनमै प्रस्तुती भई सकेको )

**बन तथा वातावरण समिति अन्तर्गतका कार्यालयहरु :**

- जिल्ला भुसंरक्षण कार्यालय
- जिल्ला वन कार्यालय

**सामाजिक बिकास समिति अन्तर्गतका कार्यालयहरु :**

- जिल्ला शिक्षा कार्यालय
- जिल्ला आयुर्वेद कार्यालय
- महिला तथा वालवालिका कार्यालय
- जिल्ला बालकल्याण समिति
- खानेपानी तथा सरसफाई सब डिभिजन कार्यालय
- जिल्ला स्वास्थ्य कार्यालय ( पहिलो दिनमै प्रस्तुतीकरण भएको )

**भौतिक पूर्वाधार बिकास समिति अन्तर्गतका कार्यालयहरु :**

- नेपाल बिद्युत प्राधिकरण
- शहरी बिकास तथा भवन डिभिजन कार्यालय बाग्लुगं
- सडक डिभिजन कार्यालय पोखरा
- पश्मिाञ्चल सिंचाई बिकास डिभिजन नं ४ पोखरा
- जल उत्पन्न प्रकोप नियन्त्रण सब डिभिजन नं २ पोखरा
- जिल्ला प्राबिधिक कार्यालय
- जिल्ला बिकास समिति

**२.२ विभिन्न कार्यालयहरुको कार्य सम्पादन तथा प्रगति सम्बन्धमा उठेका जिज्ञासा तथा सवालहरुः**

| **कार्यालयहरु** | **उठेका जिज्ञासा तथा सवालहरु** | **सम्बन्धित् कार्यालय प्रमुख तथा प्रतिनिधिबाट जिज्ञासा तथा सवाल उपर प्रस्तुत धारणा** |
|---|---|---|
| कृषी बिकास बैंक | ➢ कृषी बिकास बैंक नाम मात्रका बैंक भयो बाणीज्य बैंक र ने.बैं.लि.ले भन्दा कृषी कर्जामा बढी ब्याज लिन्छ ।<br>➢ **कृषि विकास बैंकले कृषकको माग बमोजीम कर्जा प्रवाह गर्न नसकेको**<br>➢ कृषी क्षेत्रको लगानी बढाउनु उपयुक्त हुने । | ➢ बिद्यमान ऐनको कारण ब्याजदरमा परिवर्तन हुन नसक्ने र सम्बन्धित निकायमा नितिगत परीवर्तनका लागी अनुरोध गरीने ।<br>➢ लगानी जोखिम नहुने गरी प्रस्ताव आएमा कृषी क्षेत्रमा धेरै लगानी गर्न सकिने । |
| घरेलु तथा साना उद्योग बिकास समिति | ➢ **घरेलु तथा साना उद्योग विकास समितिका कर्मचारीले** उधोग दर्ता जस्ता बिषयमा ढिलासुस्ती र | ➢ सेवाग्राहीलाई दुख दिने नियत नभई प्रकृया सम्मत पेश नभएको कारण कहीलेकाँही ढिलो सेवा प्रवाह हुन सक्ने |

| | | |
|---|---|---|
| | विभिन्न बाहनामा सेवाग्राहीलाई दुख दिएको | |
| जिल्ला शिक्षा कार्यालय | ➢ गत वर्ष भौतिक पुर्वाधार र पिसिएफ अनुदान कटौती गर्दा शैक्षिक गतिबिधि प्रभावित बनेको र साक्षर जिल्ला घोषणाको तयारी सुस्त भएको | ➢ |
| जिल्ला आयुर्वेद कार्यालय | ➢ निशुल्क बितरण गर्ने औषधी आयुर्वेद पशलमा शशुल्क बितरण गरीएको ।<br>➢ प्रभावकारी सेवा प्रवाह नभएको ।<br>➢ खर्चको पुरा बिबरण नदिएको । | ➢ जिल्ला आयुर्वेद कार्यालयबाट बितरण हुने सबै औषधी निशुल्क हुन जानकारी<br>➢ कम कर्मचारी संख्या र आवस्यक श्रोत साधनका कारण सर्वसाधारणले चाहे जस्तो सेवा दिन नसकेको । |
| महिलातथा वालवालिका कार्यालय | ➢ कर्मचारी ब्यबस्थापन र आपसी समन्वयको कारण सेवा प्रवाहमा असर परेको ।<br>➢ आव सकिएपछी अघिल्लो आवको तालिम कार्यक्रम गरीएको ।<br>➢ गाउँगाउँबाट बिपन्न महिलाहरुलाई तालिममा बोलाई आवस्यक भत्ताको ब्यबस्था नगरीएको ।<br>➢ महिला तथा बालबालिका कार्यालय र जिल्ला बालकल्याण समिति बिच समन्वय प्रभावकारी नभएको । | ➢ आन्तरीक ब्यबस्थापन चुस्त बन्दै गएको ।<br>➢ आव सकिएपछी अघिल्लो आवको तालिम कार्यक्रम गर्नु पर्ने कारण महिला दिदीबहीनीहरुको कार्यब्यस्तता<br>➢ आवस्यक भत्ताको ब्यबस्थ गर्न नसक्नु बजेटको अभाव र उपयुक्त नर्म्स नहुनु ।<br>➢ महिला तथा बालबालिका कार्यालय र बालकल्याण समिति बिच प्रभावकारी समन्वय हुने गरेको । |
| जिल्ला वन कार्यालय | ➢ ईलाका वन कार्यालय लगायतका कार्यक्षेत्रका कार्यालयमा खटिएका कर्मचारीहरु नियमित कार्यक्षेत्रमा उपस्थित नभएको | ➢ |
| जिल्ला भूसंरक्षण कार्यालय | ➢ जिल्ला भुसंरक्षण कार्यालयले जिल्ला व्यापी काम गर्नुपर्नेमा सिमित क्षेत्रमा मात्र काम गरेको एवं निशूल्क बितरण गर्नुपर्ने बिरुवा एनजिओलाई दिएके । | ➢ सिमित श्रोत साधनका कारण खुम्चनु परेको<br>➢ सिमित श्रोत साधनलाई सरोकारवालाहरु संग समन्वय गरी प्रभावकारी बनाउने प्रयास भएको । |
| जल उत्पन्न प्रकोप नियन्त्रण कार्यालय | ➢ नदी तथा पहिरो नियन्त्रण योजनाका लागि जिल्ला भुसंरक्षण कार्यालयसंग समन्वय नगरेको तथा म्याग्दीका लागि खरिद गरेको ग्याभिन तारजाली पोखरामा थन्किएकोमा आपत्ती | ➢ मिति २०६७ पौष पछि तारजाली सम्बन्धित् स्थानीय निकायहरु मार्फत वितरण गर्ने कार्यक्रम रहेको,<br>➢ दैवी प्रकोपको लागि ६० थान तारजाली पोखरामा रहेको, जिल्लाको सिफारिश अनुसार जिल्लामा उपलब्ध गराउन सकिने,<br>➢ माग अनुसार स्रोत साधनको कमि रहेको अवस्था |
| नेपाल बिधुत प्राधिकरण | ➢ विद्युत प्राधिकरणले केही | ➢ बिधुत नपुगेका गाबिसमा बिधुत पुर्‍याउन |

| | | |
|---|---|---|
| | गाबिसमा बिधुतीकरणके लागी जनतालाई लोभ देखाएपनि काम गर्न नसकेको, अनियमित विद्युत आपूर्तीमा अवरोध र प्राधिकरणकै कारण गत वर्ष विद्युतीकरण योजना प्रभावित भएको | प्राधीकरण लागीपरेको<br>➢ अनियमित बिधुत आपुर्ती प्राविधीक समस्या भएको र सवस्टेसन निर्माण हुन सके दिर्घकालीन समाधान हुने सम्वन्धित निकायमा पहलको लागी माननीयलाई भाषदलाई अनुरोध । |
| सडक डिभिजन कार्यालय | ➢ जिल्लाका सबै सरोकारवालाहरु संग समन्वय नभएको<br>➢ लागत अनुमान भन्दा निकै कम रकममा सम्झौता हुने तर ठेकेदारले काम नगरी अलपत्र पार्ने र उनीहरुलाई कारवाही नहुने ।<br>➢ स साना लागतका योजनाहरु पनि उपभोक्ताबाट कार्यान्वयन नगरी ठेक्कामा लगाउने र ठेक्का नलागेको भनी रकम फ्रिज भएको<br>➢ स्थानीय निकायहरुले बनाएको बाटो नापेर रकम भुक्तानी भएको र ब्यापक रुपमा रकम दुरुपयोगको आशंका ।<br>➢ ठूलो रकम खर्च भए पनि बिभिन्न सडकहरुको निर्माणमा गुणस्तरीयता नभएको भनी धेरै सरोकारवालाहरुको अत्यधिक गुनासो । | ➢ स्थानीय निकायहरुले बनाएको बाटो नापेर रकम भुक्तानी नभएको भनाई ।<br>➢ पोखरामा कार्यालय भएकोले सबै योजनाहरुको प्रभावकारी अनुगनमन हुन नसकेको । |
| पस्चिमाञ्चल सिंचाई बिकास डिभिजन नं ४ | ➢ सिंचाई डिभिजन कार्यालयले घार सिंचाई योजना सम्पन्न भएको सार्वजनीक गरेपनि कार्यक्षेत्रमा सम्पन्न हुन बाँकीनै रहेको | ➢ सबै रकम भुक्तानी नभएको । |
| जिबिस | ➢ जिल्ला विकास समितिको भुमिका समन्वयकारी बन्न आवस्यक।<br>➢ ड्रिलीप परियोजनाले काम गर्न भन्दा प्रक्रिया पुरा गराउन धेरै समय लगाएको , लक्षित वर्गमा भएको लगानी उपलब्धीमुलक नभएको र कर्मचारीले उपभोक्ता एवं सेवाग्राहीलाई विभिन्न बाहानामा दुख दिएको<br>➢ कोलेनीका लगायतका कार्यालयसंग समन्वय नगर्दा उपभोक्ताले दुख पाएको,<br>➢ कन्टेन्जेन्सी रकम र सामाजिक | ➢ जिबिसले योजना तर्जुमा र कार्यान्वयनका हरेक चरणमा राजनैतीक दल र मुख्य सरोकारवालाहरुको समन्वयमै काम गर्ने गरेको ।<br>➢ दाताको सहयोगको कार्यक्रम हुनाले केही शर्तहरु मान्नु पर्ने कारण ड्रिलिपले अली लामो समय लिएको ।<br>➢ सामाजिक शुरक्षा बितरण कार्यमा अहिले सम्म गुनासो नआएको र कही त्यस्तो भएमा कार्यालयले आवस्यक छानवीनको प्रकृया अघी बढाउने ।<br>➢ थोरै प्राविधीकहरुको वाफजुद पनि कर्मचारीहरुबाट योजनाको प्राबिधिक पक्षको सम्वन्धमा यथेष्ट उपलब्धी प्राप्त भएको ।<br>➢ बजेटको आकार बृद्धी संगै आगामी बर्षमा |

| | | |
|---|---|---|
| | सुरक्षा भत्ता वितरण पारदर्शी बन्न नसकेको, | थप प्राबिधिक कर्मचारी करारमा ब्यबस्थापन गर्न लागीएको ।<br>➢ समन्वय, पारदर्शिता र शुसासनलाई कार्यसम्पादनको आधारको रुपमा स्विकार गरी सेवा प्रवाह गरीएको । |

**बर्षिक समिक्षा कार्यक्रमका प्रमुख सिकाईहरु :**

- ➢ सरकारी तथा गैर सरकारी संघ संस्थाहरुले प्रस्तुत गरेको बार्षिक प्रगती प्रतिवेदनको आधारमा गैसस र डिभिजन कार्यालयहरुले काम गर्दा जिल्ला स्थित सरोकारवालाहरु संग समन्वय बढाउनुपर्ने र नतिजामा आधारीत भई कार्य गर्नु पर्ने ।
- ➢ जिल्लामा कार्यालय नभएका डिभिजन कार्यालय सडक र सिंचाई, जलउत्पन्न कार्यालय जस्ता ठूलो बजेट रकम खर्चने कार्यालयहरुले प्रयाप्त स्थानीय समन्वय र पारदर्शीतालाई कार्यसम्पादनको आधार बनाउनु पर्ने ।
- ➢ कार्यक्रम, मुख्य क्रियाकलापहरु, कार्यक्रमको लक्ष्य, भौतिक र वित्तीय प्रगति स्पष्ट र सविस्तार सार्वजनिक हुनुपर्ने,
- ➢ कार्यक्रमहरुको संचालनका क्रममा अनुभव गरिएका समस्या, सिकाई अनुभवहरु खुल्लारुपले अन्तरक्रियात्मक छलफल गरी निचोड निकालिनु पर्ने,
- ➢ सकारात्मक सिकाई अनुभवहरुलाई आगामी दिनका लागि पृष्ठपोषणको रुपमा लिइनु पर्ने,
- ➢ दिगो विकास व्यवस्थापनमा ध्यान दिनुपर्ने,
- ➢ कार्यक्रमको प्रभावकारी अनुगमनमा जोड दिनुपर्ने,
- ➢ जनताको जीवनस्तर सुधारमा प्रत्यक्ष सरोकार राख्ने कार्यक्रमहरु संचालनमा विषयगत निकायहरुविच समन्वय र एकिकृत प्रयास गरीनुपर्ने,
- ➢ लक्षित कार्यक्रमहरु तत् तत् वर्ग सोझै लाभान्वित हुने गरी पारदर्शी ढंगले संचालन गरिनुपर्ने ,
- ➢ पछाडि परेका वर्ग र क्षेत्रको उतथान र विकासमा सवैको ध्यान जानुपर्ने,
- ➢ गैससहरुले पारदर्शी ढंगले ठोस कार्यक्रम संचालन गरी आफ्नो औचित्य र प्रभावकारीता शिद्ध गर्नुपर्ने,
- ➢ तोकिएको समयमा काम गर्ने, प्राविधिक इष्टिमेट, मूल्यांकन आदि गर्ने र समयमा नै रकम निकासा र भुक्तानीमा ध्यान दिनुपर्ने,
- ➢ कार्यक्रम संचालन गर्ने निकायहरु वीच समन्वय गरी दोहोरोपन (Duplication) हटाउने प्रयत्न निरन्तर जारी रहनुपर्ने,
- ➢ राजनीतिक प्रकृतिका कार्य गैससहरुले संचालन गर्न नहुने,
- ➢ स्थानीय स्रोत साधन र सम्भाव्यताको प्रचुर उपयोग गर्नेतर्फ जोड दिनुपर्ने,
- ➢ सार्थक एवं अर्थपूर्ण जनसहभागिता प्रवर्द्धन गर्न अझ वढी प्रयास गर्नुपर्ने,
- ➢ पूर्वाधार निर्माण संगै शिक्षा, स्वास्थ्य, कृषि, संचार, विद्युत, खानेपानी आदि जनताका प्रत्यक्ष सरोकारका कार्यसम्पादन गर्ने विषयगत निर्णयहरुले कार्यक्रम छनौट, योजना तर्जुमा, कार्यान्वयन, सेवाप्रवाह, अनुगमन/मूल्यांकन र कार्यक्रमको प्रभावकारिता वढाउन आपसी समन्वय, सहयोग र सहकार्यको पक्षलाई बढावा दिनुपर्ने,
- ➢ कार्यालयहरुमा प्रर्याप्त जनशक्तिको परिपूर्ति, जनउत्तरदायित्व, सेवामुखी भावना जस्ता आवश्यक पक्षमा सदा ख्याल गर्नुपर्ने,
- ➢ उपलब्ध स्रोत साधनको समुचित उपयोग/सदुपयोग गर्ने तथा न्यून स्रोत लगानीवाट अधिक लाभ लिने तर्फ सोच राखेर कार्यक्रम संचालन गरिनुपर्ने ,
- ➢ गैससहरु सदरमुकाम र सुविधायुक्त ठाँउमा मात्र केन्द्रीत हुन नहुने ।

- जनताका आवश्यकता, चाहना र अपेक्षा तथा प्रत्यक्ष लाभ पुग्ने, व्यवसायिक, दिगो व्यवस्थापनका क्षेत्रमा सृजनात्मक कार्यक्रम संचालन गर्न सवैले ध्यान दिनुपर्ने ,

**निष्कर्ष :**

विकासको मूल ध्येय नै विकासको प्रतिफल जनताको घर घर सम्म पुर्‍याउनु हो । यसको लागि कुनै पनि क्षेत्र विशेषमा कार्यरत निकायहरुको वीचमा कार्यगत सम्बन्ध स्थापित हुनु जरुरत हुन्छ । स्थानीय स्वायत्त शासन ऐन तथा तत् सम्बन्धि नियमावलीले स्थानीय निकायलाई स्थानीय स्तरमा विकास निर्माण कार्यलाई प्रभावकारी रुपमा अगाडि बढाउनको लागि महत्वपूर्ण भूमिका सुम्पेको छ । आफूलाई सुम्पेको भूमिका अनुसार जिल्ला भित्र संचालन हुने विभिन्न किसिमका कार्यक्रम तथा आयोजनाहरुको प्रभावकारी संचालनलाई सुनिश्चित गर्नु जिल्ला विकास समितिको प्रमुख कार्य क्षेत्र हो । जिल्ला विकास समितिले आफ्नो जिल्ला क्षेत्र भित्र संचालन हुने कार्यक्रम तथा आयोजनाहरुको लक्ष्य तथा उद्देश्य अनुरुप कार्य हुन सके नसकेको सुनिश्चित गर्नु पर्ने हुन्छ । ऐन तथा नियमावलीको भावना अनुसार जिल्लामा कार्यरत सरकारी तथा गैसस ,निजि क्षेत्र लगायतका निकायहरुको वीचमा कार्यरत सम्बन्धलाई बलियो बनाउन वार्षिक समीक्षा कार्यक्रमले महत्वपूर्ण भूमिका खेलेको हुन्छ । यद्यपी वार्षिक समीक्षा कार्यक्रमलाई केवल कार्यक्रममा उपस्थित् भएर प्रगती वाचन गर्ने भन्दा निर्धारित लक्ष्य तथा उद्देश्य अनुसारका कार्य हुन सके नसकेको कुरा सुनिश्चित् गर्ने थलोको रुपमा विकास गर्नु पर्ने हुन्छ । वास्तवमा गम्भिर छलफलबाट मात्र अगाडिको लागि उत्कृष्ट विचार र मार्ग निर्देशन आउन सक्छन् । आगामी दिनहरुमा जिल्ला विकास समितिले वार्षिक समीक्षा कार्यक्रमलाई थप सुदृढ गरी अगाडि बढ्नु पर्ने आवश्यकता देखिन्छ ।

| अनुसूची १ | | | | |
|---|---|---|---|---|
| जिल्ला विकास समिति म्याग्दीको आ.व.०७०/७१ को मिति २०७१/४/२९ र ३० गते भएको समिक्षा बैठकमा उपस्थित सहभागीहरुको विवरण | | | | |
| **सि.नं.** | **नाम थर** | **पद** | **कार्यालय/संघसंस्था** | **दस्तखत** |
| १ | श्री विष्णप्रसाद शर्मा | स्था.वि.अ | जि.वि.का., म्याग्दी | द |
| २ | श्री नवराज शर्मा | सभासद | संविधान सभा | द |
| ३ | श्री नरदेवी पुन | सभासद | सविधान सभा | द |
| ४ | श्री गायत्री प्रसाद शर्मा | जिल्ला न्यायाधिश | जिल्ला अदालत | द |
| ५ | श्री टेक बहादुर के.सी. | प्र.जि.अ. | जिल्ला प्रशासन कार्यालय म्याग्दी | द |
| ६ | श्री जनार्दन जि.सी. | प्र.ना.उ. | जिल्ला प्रहरी कार्यालय म्याग्दी | द |
| ७ | श्री माधव प्रसाद रेग्मी | सचिव | नेपाली काँग्रेस | द |
| ८ | श्री हरिकृष्ण श्रेष्ठ | अध्यक्ष | ने.क.पा.एमाले | द |
| ९ | श्री गोविन्द पौडेल | | ए.ने.क.पा. (माओवादी) | द |
| १० | श्री प्रेमप्रसाद आचार्य | सचिव | रा.प्र.पा. नेपाल | द |
| ११ | श्री एकेन्द्र बहादुर रावल | अध्यक्ष | रा.प्र.पा. | द |
| १२ | श्री रमेश कुमार पुन | अध्यक्ष | रा.ज.पा. | द |
| १३ | श्री नर बहादुर थापा | अध्यक्ष | रा.ज.मु.पा. | द |
| १४ | श्री याम बहादुर किसान | सचिव | संघीय समाजवादी पार्टी | द |
| १५ | श्री पहल बहादुर के.सी. | अध्यक्ष | रा.प्र.पा. नेपाल | द |
| १६ | श्री चन्द्रप्रकाश बानियाँ | प्रतिनीधी | अखण्ड नेपाल पार्टी | द |
| १७ | श्री धवलाल शर्मा | सचिवालय सदस्य | ने.क.पा.-माओवादी | द |
| १८ | श्री हरिप्रसाद पौडेल | अध्यक्ष | गै.स.स. म्याग्दी | द |
| १९ | श्री सुदर्शन कुमार श्रेष्ठ | संयोजक | नागरिक समाज म्याग्दी | द |
| २० | श्री ठाकुरप्रसाद आचार्य | सम्पादक | नव विकल्प साप्ताहिक पत्रिका | द |
| २१ | श्री गोपाल छन्त्याल | स्टेशन संयोजक | रेडियो म्याग्दी | द |
| २२ | श्री बालकृष्ण सुवेदी | सचिव | ने.क.पा.एमाले | द |
| २३ | श्री ओम बहादुर के.सी. | प्रमुख जिल्ला इन्जिनियर | जिल्ला प्राविधिक कार्यालय म्याग्दी | द |
| २४ | श्री हर्ष बहादुर गुरुङ्ग | इन्जिनियर | जिल्ला प्राविधिक कार्यालय म्याग्दी | द |
| २५ | श्री लोकनाथ पोखरेल | लेखा अधिकृत | जि.वि.स.म्याग्दी | द |
| २६ | श्री सन्तोष गौतम | संवाददाता | सगरमाथा टेलिभिजन | द |
| २७ | श्री रमेशराज रेग्मी | व.उ.अ. | घरेलु विकास समिति म्याग्दी | द |
| २८ | श्री कृष्णप्रसाद अधिकारी | के.प्र. | नेपाल विद्युत प्राधिकरण म्याग्दी वितरण शा. | द |
| २९ | श्री प्रविण कुमार शाह | लेखापाल | नेपाल विद्युत प्राधिकरण म्याग्दी वितरण शा. | द |
| ३० | श्री निर्मला शर्मा | म.वि.अ. | महिला तथा बालबालिका कार्यालय म्याग्दी | द |
| ३१ | श्री चन्द्रप्रकाश बानियाँ | जि.स. | अखण्ड नेपाल पार्टी | |
| ३२ | श्री हरिकुमार श्रेष्ठ | सभापति | नेपाल बाल संगठन म्याग्दी | द |
| ३३ | क्या.श्री मिन बहादुर कार्की | सचिव | ने.का.म्याग्दी | द |
| ३४ | ह.श्री कमल छन्त्याल | सदस्य | ने.का.म्याग्दी | द |
| ३५ | श्री पदम बहादुर पुन मगर | सदस्य | आदिवासी जनजाती | द |
| ३६ | श्री जित बहादुर सुनार | सचिव | मुदी गा.वि.स. | द |

| | | | | |
|---|---|---|---|---|
| ३७ | श्री रेशम छन्त्याल | SRRI | GYC बाग्लुङ्ग | द |
| ३८ | श्री हिरालाल चौधरी | इन्जिनियर | Drilp–AF | द |
| ३९ | श्री रवि पौडेल | को.नि. | को.ले.नि.का. | द |
| ४० | श्री चन्द्रप्रसाद आचार्य | आ.स. | जिल्ला आयुर्वेद | द |
| ४१ | श्री हरिकृष्ण आचार्य | सामाजिक विकास अधिकृत | जि.वि.स.म्याग्दी | द |
| ४२ | श्री राजेन्द्र आचार्य | कार्यकारी सचिव | स्थानीय विकास कोष म्याग्दी | द |
| ४३ | श्री सागर मरासिनी | उ.तथा वा. अधिकृत | जि.वि.स. (उर्जा) म्याग्दी | द |
| ४४ | श्री भीम मोक्तान | वास सल्लाहकार | RWSSP म्याग्दी | द |
| ४५ | श्री बद्री प्रसाद पौडेल | प्रमुख | म्याग्दी बालगृह | द |
| ४६ | श्री कुविरकुमार श्रेष्ठ | अध्यक्ष | म्याग्दी उद्योग वाणिज्य संघ | द |
| ४७ | श्री केशवराज सुवेदी | यो.अ.तथा प्र.अ. | जि.वि.स.म्याग्दी | द |
| ४८ | श्री अजयविक्रम मानन्धर | नि.जिल्ला वन अधिकृत | जिल्ला वन कार्यालय म्याग्दी | द |
| ४९ | श्री डा.दयाराम चापागाई | व.प.चि. | जिल्ला पशु सेवा कार्यालय म्याग्दी | द |
| ५० | श्री दिवाकर पौडेल | अधिकृत | जिल्ला भू-संरक्षण कार्यालय म्याग्दी | द |
| ५१ | श्री डिल्लीराम रेग्मी | प.से.प्रा. | जिल्ला पशु सेवा कार्यालय म्याग्दी | द |
| ५२ | श्री कृष्णप्रसाद श्रेष्ठ | नि.जि.शि.अ. | जिल्ला शिक्षा कार्यालय म्याग्दी | द |
| ५३ | श्री विश्वप्रकाश रेग्मी | वि.नि. | जिल्ला शिक्षा कार्यालय म्याग्दी | द |
| ५४ | श्री चित्र बहादुर तिलिजा पुन | फिल्ड सुपरभाइजर | हिमालयन संरक्षण संस्था नेपाल म्याग्दी | द |
| ५५ | श्री शिव सुवेदी | कार्यक्रम संयोजक | सहमति | द |
| ५६ | श्री राम बहादुर पौडेल | नि.शाखा प्रवन्धक | कृषि विकास बैंक म्याग्दी | द |
| ५७ | श्री बसन्त कुमार श्रेष्ठ | व.कृ.वि.अ. | जिल्ला कृषि विकास कार्यालय म्याग्दी | द |
| ५८ | श्री राम बहादुर थापा | कृ.प्र.अ. | जिल्ला कृषि विकास कार्यालय म्याग्दी | द |
| ५९ | श्री चिरन्जीवी रेग्मी | कार्यकारी निर्देशक | संगम म्याग्दी | द |
| ६० | श्री डिल्लुराम श्रेष्ठ | इन्जिनियर | शहरी विकास तथा भवन निर्माण वि.का.बाग्लुङ्ग | द |
| ६१ | श्री जगदीश लोहार | परियोजना संयोजक | असल छिमेकी कार्यक्रम नेपाल म्याग्दी | द |
| ६२ | श्री इन्दश्वर मण्डल | जिल्ला संयोजक | ली-बर्ड MSFP | द |
| ६३ | श्री सरस्वती पुरी | जि.आ.पो.अधिकृत | जिल्ला सुआहारा कार्यक्रम म्याग्दी | द |
| ६४ | श्री सोविता शर्मा कँडेल | फिल्ड संयोजक (परियोजना) | सोडेक नेपाल पर्वत | द |
| ६५ | श्री बुद्धीप्रसाद शर्मा | सचिव | गा.वि.स. | द |
| ६६ | श्री भुमिदत्त रेग्मी | सा.पा.स.टे. | खा.पा.तथा सरसफाई सव.डि का.म्याग्दी | द |
| ६७ | श्री छविलाल आचार्य | सचिव | निस्कोट गा.वि.स. | द |
| ६८ | श्री ठाकुरप्रसाद अधिकारी | सचिव | ताकम गा.वि.स | द |
| ६९ | श्री चन्द्रदत्त शर्मा | सचिव | बेनी नगरपालिका कार्यालय १३ र १४ | द |
| ७० | श्री भोलानाथ आचार्य | सचिव | दग्नाम गा.वि.स. | द |
| ७१ | श्री शिव शर्मा | सचिव | दरबाङ्ग गा.वि.स. | द |
| ७२ | श्री कमला अधिकारी | खा.पा.स.टे. | जिल्ला प्राविधिक कार्यालय म्याग्दी | द |
| ७३ | श्री लेखनाथ रेग्मी | सचिव | देविस्थान/विम गा.वि.स. | द |
| ७४ | श्री कमल खत्री | सम्पादक | समृद्ध पत्रिका | द |
| ७५ | श्री याम बहादुर खड्का | महासचिव | फेकोफन म्याग्दी | द |
| ७६ | श्री सन्जु बरुवाल | सदस्य | जिल्ला महिला समन्वय समिति म्याग्दी | द |
| ७७ | श्री चिना बानियाँ | महासचिव | हिमवन्ती म्याग्दी | द |
| ७८ | श्री विष्णु रोका मगर | जिल्ला संयोजक | CSG म्याग्दी | द |
| ७९ | श्री ऋषिराम भण्डारी | सचिव | पात्लेखेत गा.वि.स. | द |

| | | | | |
|---|---|---|---|---|
| ८० | श्री सन्दिप खत्री | सम्वाददाता | समृद्ध पत्रिका | द |
| ८१ | श्री विष्णु गिरी | | राष्ट्रिय अनुसन्धान कार्यालय म्याग्दी | द |
| ८२ | श्री यज्ञ बहादुर कार्की | सचिव | बेनी नगरपालिका कार्यालय ११ र १२ | द |
| ८३ | श्री दिर्घ प्रसाद शमा | सचिव | नारच्याङ्ग गा.वि.स. | द |
| ८४ | श्री लिला बहादुर चोखाल | सचिव | दोबा गा.वि.स. | द |
| ८५ | श्री विकास थापा मगर | सचिव | कुइनेमंगले गा.वि.स. | द |
| ८६ | श्री खेमराज पौडेल | सचिव | शिख गा.वि.स. | द |
| ८७ | श्री दयाराम पौडेल | सचिव | पिप्ले गा.वि.स. | द |
| ८८ | श्री पूर्णप्रसाद शर्मा | सचिव | कुँहुँ गा.वि.स. | द |
| ८९ | श्री रमाकान्त घिमिरे | सचिव | ओखरबोट गा.वि.स. | द |
| ९० | श्री विष्णुप्रसाद शर्मा | सचिव | गुर्जा गा.वि.स. | द |
| ९१ | श्री विष्णुप्रसाद पौडेल | सचिव | मुना गा.वि.स. | द |
| ९२ | श्री उपेन्द्रराज शर्मा | सचिव | हिस्तान गा.वि.स. | द |
| ९३ | श्री भुवन शर्मा | | ली-बर्ड म्याग्दी | द |
| ९४ | श्री रजनी थापा | | DMEGA म्याग्दी | द |
| ९५ | श्री अनिता थापा | | DMEGA म्याग्दी | द |
| ९६ | श्री सावित्रा पुन | | DMEGA म्याग्दी | द |
| ९७ | श्री चित्रराज आचार्य | सचिव | अर्मन गा.वि.स. | द |
| ९८ | श्री दिपकलाल पाल | सचिव | भू-तातोपानी गा.वि.स. | द |
| ९९ | श्री कर्ण बहादुर पुर्जा | सहमागी | राम्चे गा.वि.स. | द |
| १०० | श्री गणेश बरुवाल | जनस्वास्थ्य अधिकृत | जिल्ला स्वास्थ्य कार्यालय म्याग्दी | द |
| १०१ | श्री रण बहादुर सारु मगर | फिल्ड संयोजक | मिलन म्याग्दी | द |
| १०२ | श्री भुवन बहादुर मल्ल | सचिव | बेनी नगरपालिका वडा नं. १ र २ | द |
| १०३ | श्री बलराम पौडेल | सहमागी | बेनी नगरपालिका वडा नं. ९ र १० | द |
| १०४ | श्री मुकुन्द पौड्याल | सामजिक परिचालक | स्थानीय विकास कोष म्याग्दी | द |
| १०५ | श्री गिरिराज शर्मा | सचिव | जि.वि.स.म्याग्दी | द |
| १०६ | श्री श्रीराम पौडेल | सचिव | जि.वि.स.म्याग्दी | द |
| १०७ | श्री श्यामलाल न्यौपाने | अध्यक्ष | सामुदायिक सेवा केन्द्र म्याग्दी | द |
| १०८ | श्री विर बहादुर थापा क्षेत्री | प्रतिनीधी | रा.प्र.पा. | द |
| १०९ | श्री गोविन्द जि.सी. | सचिव | बरंजा गा.वि.स. | द |
| ११० | श्री प्रताप बानियाँ | सदस्य | नेपाल पत्रकार महासंघ म्याग्दी | द |
| १११ | श्री मिठु आचार्य | अधिकृत | जिल्ला बालकल्याण समिति म्याग्दी | द |
| ११२ | श्री अशोक द्वारे | ICT Expert | जि.वि.स.म्याग्दी | द |
| ११३ | श्री सन्तोषराज पन्थी | DGE | जि.वि.स म्याग्दी | द |
| ११४ | श्री चन्द्रदत्त शर्मा | खरिदार | जि.वि.स. म्याग्दी | द |
| ११५ | श्री तुल बहादुर बानियाँ | ना.सु. | जि.वि.स.म्याग्दी | द |
| ११६ | श्री रत्न बहादुर के.सी. | सलेपा | जि.वि.स.म्याग्दी | द |
| ११७ | श्री लिलाधर गैरे | कार्यालय सहयोगी | जि.वि.स.(उर्जा)म्याग्दी | द |
| ११८ | श्री कृष्ण बहादुर विश्वकर्मा | सचिव | पाखापानी गा.वि.स. | द |
| ११९ | श्री इश्वरलाल राजभण्डारी | | DCRDC बाग्लुङ्ग | द |
| १२० | श्री नेत्रलाल उपाध्याय | | DCRDC बाग्लुङ्ग | द |
| १२१ | श्री हुननारायण देवकोटा | सचिव | मराङ्ग, मल्कवाङ्ग गा.वि.स. | द |
| १२२ | श्री तेज कुमारी थापा | सचिव | झीं गा.वि.स. | द |

| | | | | |
|---|---|---|---|---|
| १२३ | श्री सुन्तली जि.सी. | कोषाध्यक्ष | फेकोफन म्याग्दी | द |
| १२४ | श्री देवीप्रसाद तिमिल्सिना | कार्यक्रम व्यवस्थापक | सोडेक नेपाल | द |
| १२५ | श्री बाबुराम भट्टराई | सचिव | घार गा.वि.स. | द |
| १२६ | श्री सोम बहादुर के.सी. | सचिव | लुलाङ्ग गा.वि.स. | द |
| १२७ | श्री गोरखनाथ सुवेदी | सचिव | पत्रकार महासंघ म्याग्दी | द |
| १२८ | श्री सागर सुवेदी | कार्यक्रम संयोजक | हिमवन्ती म्याग्दी | द |
| १२९ | श्री नारायण शर्मा | कार्यक्रम संयोजक | अपाङ्ग संघ म्याग्दी | द |
| १३० | श्री लाल बहादुर भण्डारी | सामाजिक परिचालक | स्थानीय विकास कोष म्याग्दी | द |
| १३१ | श्री थम बहादुर शाही | सवारी चालक | जि.वि.स.म्याग्दी | द |
| १३२ | श्री लक्ष्मीपति पोखरेल | इन्जिनियर | जलउत्पन्न प्रकोप कार्यालय कास्की | द |
| १३३ | श्री अमित कुमार श्रेष्ठ | इन्जिनियर | पश्चिमाञ्चल सडक डिभिजन कार्यालय पोखरा | द |
| १३४ | श्री खिमा पुन मगर | प्रतिनीधी | रा.ज.मो.पार्टी | द |
| १३५ | श्री होम बहादुर पुर्जा | अध्यक्ष | गुप्त वा मार्ग दर्शन म्यागदी | द |
| १३६ | श्री नारायण श्रेष्ठ | रेञ्जर | जिल्ला वन कार्यालय म्याग्दी | द |
| १३७ | श्री टिका कुमारी खत्री | कोषाध्यक्ष | SIRF/Nepal | द |
| १३८ | श्री हरि बहादुर थापा | सचिव | बाबियाचौर गा.वि.स. | द |
| १३९ | श्री हेमलाल थापा | | DCRDC बाग्लुङ्ग | द |
| १४० | श्री लक्ष्मी शर्मा | कार्यक्रम संयोजक | संगम म्याग्दी | द |
| १४१ | श्री इन्द कार्की | सि.वि.एम.एम.ए. | ली-बर्ड म्याग्दी | द |
| १४२ | श्री शंकर बूढाथोकी | इन्जिनियर | सिंचाई डिभिजन कार्यालय बाग्ललुङ्ग | द |
| १४३ | श्री इश्वर सुवेदी | सहमागी | | द |
| १४४ | श्री भविराम किसान | सचिव | मिलन म्याग्दी | द |
| १४५ | श्री विक्रम रिजाल | कम्प्यूटर अपरेटर | जिल्ला शिक्षा कार्यालय म्याग्दी | द |

# अनुसूची २

जिल्ला विकास समिति म्याग्दीको आ.व.०७०/७१ को मिति २०७१/४/२९ र ३० गते भएको समिक्षा बैठका भएका निर्णयहरु ।

**निर्णय नं.१**

मिति २०७१ श्रावण २९ र ३० गते दुई दिन सम्म संचालित आ.व. ०७०/७१ मा जिल्लामा भए गरिएका विकास गतिविधी एवं क्रियाकलापहरुको वार्षिक समिक्षा गोष्ठी सम्पन्न भयो । उक्त गोष्ठीमा जि.वि.स.अन्तर्गत संचालित विभिन्न कार्यक्रम तथा परियोजना, विषयगत कार्यालयहरु, गा.वि.स.हरु, गैर सरकारी संघसंस्थाहरु उवं उद्योग वाणिज्य संघबाट यस आ.व.मा भए गरिएका कार्यहरुको प्रगती गोष्ठीमा प्रस्तुत भै गहन रुपमा छलफल र अन्तरक्रिया गरि समिक्षा गरियो । यस गोष्ठीमा प्राप्त राय सुझावहरुलाई आगामी दिनहरुमा कार्यान्वयन गर्दै यस क्रममा देखिएका समस्याहरुलाई पनि निराकरण गर्दै लैजाने निर्णय गरियो ।

**निर्णय नं. २.**

सार्वजनिक खर्चलाई पारदर्शी, जवाफदेही र उत्तरदायित्व बोध हुने गरि व्यवस्थित गर्न आगामी आ.व.देखी संचालन गरिने सबै कार्यक्रमहरुको सार्वजनिक सुनुवाई गर्ने र सो बाट प्राप्त सल्लाह सुझावलाई कार्यान्वयन गर्दै लैजाने निर्णय गरियो ।

**निर्णय नं. ३**

नेपाल सरकारबाट स्वीकृत बजेट तथा कार्यक्रम मध्ये कतिपय त्यस्ता कार्यक्रमहरु लक्षित वर्गको पहुँचमा नपुगेको सम्बन्धमा बैठकमा सरोकारवालाहरुबाट कुरा उठाइयो । आगामी दिनमा सबै निकायबाट संचालन हुने कार्यत्रअम तथा बजेट बारेमा जि.वि.स., गा.वि.स., विषयगत कार्यालयहरु लगायत सरोकारवालाहरुसँग समन्वय गरि कार्य गनृ निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं. ४**

म्याग्दी जिल्लामा जि.वि.स., गा.वि.स., र अन्य विषयगत कार्यालयहरुले संचालन गरेका विकास निर्माणका कामको सर्वदलिय, सर्वपक्षिय अनुगमनलाई अझ प्रभावकारी बनाउँदै लैजाने निर्णय गरियो ।

**निर्णय नं. ५.**

जि.वि.स.बाट विगत आ.व. ०६९/७० मा सम्पादित कार्यको स्थानीय विकास वित्तिय आयोगको सचिवालयबकाट गरिएको यस जि.वि.स.को न्यूनतम शर्त तथा कार्य सम्पादन मापनको प्राप्त नतिजा बारेमा बैठकमा छलफल गरियो । उक्त आ.व.को गा.वि.स. को न्यूनतम शर्तको नतिजा बारेमा समेत बैठकमा छलफल गरियो ।

**निर्णय नं. ६**

आगामी वर्षहरुमा जिल्ला विकास समितिको कार्यालयले निर्धारण गरेका लक्ष्य प्राप्त हुने खालका कार्यक्रमहरु संचालन गर्न सम्पूर्ण विषयगत कार्यालयहरु र गा.वि.स.हरुलाई अनुरोध गर्ने निर्णय गरियो ।

**निर्णय नं. ७**

म्याग्दी जिल्ला अन्तरगत विविभन्न गा.वि.स.बाट वितरण हुने सामाजिक सुरक्षा भत्ता पाउने व्यक्तिहरुको नामावली र संख्या सन्दर्भमा समिक्षा बैठकमा जिज्ञासा र प्रश्न उठेकोले सो सम्बन्धिको एकिन र वास्तविक विवरण सम्बन्धित गाउँ परिषदको सो सम्बन्धि निर्णय सहितको विवरण तुरुन्त माग गर्ने निर्णय गरियो ।